मानेभञ्ज्याङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानेभञ्ज्याङ, ओखलढुङ्गा

१ नं. प्रदेश, नेपाल

प.सं. ०७८/०९

च.नं. :

मिति २०७९/03/03

विषय : सूचना ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३०(१) मा आर्थिक वर्ष समाप्त हुनुभन्दा *कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने* व्यवस्था भए बमोजिम तथा असार मसान्त अगावै सम्पूर्ण कर तथा दायित्व दाखिला गर्नुपर्ने र हिसाब मिलान गरी खर्च नभएको अनुदान निकासा समेत फिर्ता गर्नुपर्ने भएकोले यस गाउँपालिका तथा अन्तर्गतका सम्पूर्ण कार्यालयहरु, कर्मचारीहरु एवं उपभोक्ता समितिहरुमा आ.व. ०७८/०७९ को तपसिलमा उल्लेखित समयवधिभित्र आवश्यक प्रक्रिया पूरा गरी भुक्तानी निकासा लिनको लागि अनुरोध छ ।

तपसिल :

१. सशर्त, विशेष र समपूरक अनुदान संघीय सरकार र प्रदेश सरकार अन्तर्गतका कार्यक्रमहरु र कोलेनिका ओखलढुंगाबाट निकासा हुने कार्यक्रमको पेश्की फर्स्योट लगायतका सम्पूर्ण भुक्तानीका कागजात *असार १५ भित्र कार्यालयमा पेश* गरी असार २० गते सोमबार भित्र पेश्की फर्स्योट र भुक्तानी लिने कार्य गरिसक्नुपर्नेछ।

२. गाउँपालकाले विनियोजन गरेको योजना तथा कार्यक्रमहरु (निशर्त) हरुको पेश्की फर्स्योट लगायतका सम्पूर्ण कागजातहरु **असार २३ गते विहिबारभित्र** कार्यालयमा पेश गरी **२४ गते शुक्रबारभित्र भुक्तानी निकासा लिईसक्नु पर्नेछ** ।

असार २४ पछि कार्यालयमा पेश हुन आएका कागजात उपर कार्यालय भुक्तानी दिन वाध्य नहुने व्यहोरा समेत सम्वन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत